प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश, विराटनगर

मिति : २०८०।०३।०८

## ओखलढुङ्गा जिल्लाको अध्यावधिक विवरण

| क्र.सं | शिर्षक | विवरण |
|---|---|---|
| १. | विपद् व्यवस्थापन/ आपतकालीन खोज उद्धार | मिति २०८०।०३।०७ गते साँझ बाट परेको अविरल वर्षातको कारण चम्पादेवी गाउँपालिका वडा नं. ८ स्थित बिलन्दुमा रातिको अन्दाजी २४:०० बजे बस्ती माथिबाट पहिरो खस्न गई पहिरोले ३ वटा घर बगाएको भन्ने जानकारी प्राप्त भएको । उक्त घरहरुमा रहेको मानिस तथा चौपाय निम्नानुसार क्षति भएको ।<br>मृतक :-<br>१. चम्पादेवी गाउँपालिका वडा नं. ८ बिलन्दु बस्ने वर्ष ३६ को रण बहादुर गुरुङको घर पूर्णरुपमा पहिरोले पुर्दा निज रण बहादुर गुरुङ, निजकै श्रीमती वर्ष २९ की शिव माया गुरुङ र निजको छोरी १८ महिनाकी कृतिका गुरुङ र छोरा वर्ष १० को दिनेश गुरुङ घटनास्थलबाट पुरिएर मृत अवस्थामा भेटीएको ।<br>२. ऐ. बस्ने वर्ष ८० को बल बहादुर गुरुङको घर पूर्ण रुपमा बगाएको, परिवार जम्मा ३ जना भागेर शकुसल रहेको ।<br>३. ऐ. बस्ने वर्ष ८० को जरसिंह गुरुङको घर पूर्णरुपमा बगाएको, परिवार जम्मा ६ जना भागेर शकुसल रहेको ।<br>क्षतीको विवरण निम्नानुसार रहेको<br>१. चम्पादेवी गाउँपालिका ८ बिलन्दु बस्ने वर्ष ३६ को रण बहादुर गुरुङको घर भित्र रहेका सम्पूर्ण अन्नपात, लत्ताकपडा, भाँडावर्तन र १३ वटा बाख्री समेत पहिरोले परी पूर्ण रुपमा नष्ट हुँदा अन्दाजी मूल्य रु. १५,००,०००।– (पन्ध्र लाख) बराबरको क्षती भएको ।<br>२. ऐ. बस्ने वर्ष ८० को बल बहादुर गुरुङको घर भित्र रहेको सम्पूर्ण अन्नपात, लत्ताकपडा, भाँडावर्तन समेत पूर्ण रुपमा पहिरोले बगाई नष्ट हुँदा अन्दाजी रु. ९,००,०००।– (नौ लाख) बराबरको क्षती भएको ।<br>३. ऐ. बस्ने वर्ष ८० को जरसिंह गुरुङको घर भित्र रहेको सम्पूर्ण अन्नपात, लत्ताकपडा, भाँडावर्तन समेत र कुखुरा फारम र २५० वटा कुखुरा समेत पूर्ण रुपमा पहिरोले बगाई नष्ट हुँदा अन्दाजी रु. ५,००,०००।– (पाँच लाख) बराबरको क्षती भएको ।<br>सावै जम्मा अन्दाजी मूल्य रु. २९,००,०००।– (उनन्तीस लाख) बराबरको क्षती भएको । |